# वीरगंज महानगरपालिकाको दोस्रो नगर सभामा पेश भएका प्रस्तावहरुमाथि बन्दसत्रमा गरिएको छलफलबाट भएका निर्णयहरुः

१. नगर कार्यपालिकाबाट देहायबमोजिमका विषयगत समिति मार्फत पेश भएका नीति तथा कार्यक्रमहरुका साथै नगर उप -प्रमुखबाट पेश भएको बजेट नीति तथा कार्यक्रम हरु संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
(ख) आर्थिक विकास समिति
(ग) सामाजिक विकास समिति
(घ) पूर्वाधार विकास समिति
(ङ) वातावरण तथा विपद व्यवस्थापन समिति

२. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको आर्थिक विधेयक, २०७५ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

३. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको विनियोजन विधेयक, २०७५ मा दफाबार छलफल गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

४. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक , २०७५ मा दफाबार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

५. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको स्थानीय कृषि ब्यवसाय प्रवर्द्धन सम्वन्धमा ब्यवस्था गर्न बनेको विधेयक , २०७५ माथि दफावार छलफल गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

६. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको सहकारी सम्वन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ मा दफावार छलफल भै संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

७. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको स्वास्थ्य तथा सरसफाई सेवा विधेयक, २०७५ मा दफावार छलफल भै संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

८. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको न्यायिक समिति (कार्यविधि सम्वन्धमा) ब्यवस्था गर्न वनेको विधेयक , २०७५ मा दफावार छलफल भै संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

९. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतिको लागि पेश भएको फोहरमैला ब्यवस्थापन सम्वन्धी ब्यवस्था गर्न वनेको विधेयक, २०७५ मा दफावार छलफल भै संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

१०. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतको लागि पेश भएको स्थानीय एफएम रेडियो सम्वन्धमा ब्यवस्था गर्न वनेको विधेयक, २०७५ मा दफावार छलफल भै संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

११. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतको लागि पेश भएको आर्थिक कर्यविधि नियमित तथा ब्यवस्थित गर्न बनेको विधेयक , २०७५ मा दफावार छलफल भै संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

१२. विधेयक समितिबाट पेश भई आएको र कार्यपालिकाबाट स्वीकृतको लागि पेश भएको सार्वजनिक तथा निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको वि धेयक, २०७५ मा दफावार छलफल भै संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

१३. जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा प्रदेश सरकारले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

१४. त्रिभुवन राजपथ अन्तरगत गण्डक देखि रक्सौल मितेरी पुल सम्म सडकको मुख्य केन्द्रबाट दाँया वाँया २५ मिटर कायम रहेको मा उक्त सडक दुवै तर्फ २५ मिटर चौडा वनाउका लागि नेपाल सरकार ब्यापारिक मार्ग सडक विस्तार आयोजनाबाट सडकको दुवै तर्फबाट २५ -२५ मिटर खाली गर्न सहयोग गरिदिनु भनी अनुरोध भई आएको मा मुख्य सडक आसपासको वजार क्षेत्र यस अघिनै ***Built Up*** एरिया घोषणा भइसकेको र परवानीपुर देखि ड्राइर्पो ट सम्म छ लेनको वाटो बनीरहेको र गण्डक देखि रजतजयन्ती चोक सम्म पनि छ लेन र गण्डक देखि रजत जयन्ती चोक सम्म इनर वाईपास संचालनमा आइसकेको अवस्थामा राजमार्गमा हुने ट्राफिक लोड कम भईसकेको ले गण्डक देखि मितेरीपुल सम्मको मुख्य सडक स्थानीय सरकारलाई हस्तान्तरण गर्ने भनी नेपाल सरकारको यस अघिनै निणर्य भएकोले उक्त सडकको दाँया वाँया १५ /१५ मिटर कायमगरी स्तरोन्नति गर्न र सोही अनुसार कानुन संशोधन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो। यस प्रयोजनका लागि आवश्यक पर्ने बजेट समेत नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो।

१५.महानगरपालिकाको आर्दशनगर, घडिअर्वा क्षेत्रभित्र २०७५ माघ १ गते देखि कुनैपनि ढुवानी सेवा राख्न नपाईने गरी ती क्षेत्रमा रहेको ढुवानी सेवा ( ***Transport***) लाई ६ महिना भित्र पूर्वको पहिलो वाईपास रोडमा सार्न सम्वन्धित ढुवानी सेवा कम्पनीलाई सुचित गर्ने र सो को अवज्ञा गर्ने ढुवानी सेवालाई उक्त क्षेत्रमा सञ्चालन गर्न प्रतिवन्ध लगाउने निर्णय गरियो। यसका साथै वीरगंजको छपकैया देखि घण्टाघर सम्म मुख्य सडकमा विहान ६ वजे देखि राती १० वजे सम्म कुनैपनि भारी सवारी साधन आवत जावतमा निषेध गर्ने निर्णय समेत गरियो।

१६. वीरगंज महानगरपालिका भित्र हुने सवै किसिमका ध्वनी प्रदुषण नियन्त्रण गर्न संघीय सरकारको कानुन अनुसार छुट्टै कार्यविधि वनाई कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

१७. वीरगंज महानगरपालिका, वडा कार्यालयहरु र महानगरपालिका अन्तरगतका विषयगत कार्यालयहरु, शैक्षिक संस्था, स्वास्थ्य संस्थाहरुमा सुर्तीजन्य वस्तु, पानमसला, गुट्खा लगायतको सेवन र मदिराजन्य पदार्थको उपभोगमा प्रतिवन्ध लगाउने र सो को प्रभावकारी कार्यान्वयनका लागि छुट्टै कार्यविधि वनाई लागु गर्ने निर्णय गरियो।।

१८. वीरगंज महानगरपालिकाको बृहत् गुरुयोजना (***Master Plan***) तयार गरी (***GMIS***) प्रणालीबाट सार्वजनिक अभिलेखको वैज्ञानिक ब्यवस्थापन र सेवा प्रवाहमा गुणस्तर कायम गर्ने निर्णय गरियो।

१९. नगरपालिका र उपभोक्ता समितिको न्युनतम लागत सहभागितामा पुर्वाधारका कार्यहरु सञ्चालन गर्दा सडक, नाला र फूटपाथ निर्माणमा शहरी क्षेत्रमा नगरपालिकाको ७० प्रतिशत र जनसहभागिताको ३० प्रतिशत तथा ग्रामीण क्षेत्रमा नगरपालिकाबाट ८० प्रतिशत र जनसहभागितामा २० प्रतिशत , सिंचाई आयोजनामा नगरपालिकाको ९० प्रतिशत र जनसहभागितबाट १० प्रतिशत र अन्यको हकमा न्यूनतम ४० प्रतिशत लागत सहभागिता रहने गरी आयोजनाहरुको कार्यान्वयन गरिने र माथि उल्लिखित भन्दा वढी जनसहभागिताको प्रतिबद्धता सहित पेश हुने योजनालाई प्राथमिकता दिई बजेट बिनियोजन गर्ने निर्णय गरियो।

२०. वीरगंज महानगरपालिका क्षेत्रभित्र गण्डक देखि रक्सौल मितेरीपुल सम्मको त्रिभुवन राजपथसँग जोडिएका भित्री सडकहरुको दाँया र वाँया कम्तीमा १० मिटर , सहायक सडकमा ८ मिटर र सहायक सडकसँग जोडिएको सडकसँग ६ मिटर चौडाई कायम गर्ने तथा नयाँ प्लटिङ गरिएको क्षेत्रमा मेनरोडसँग जोडिएको सडकको हकमा १५ मिटर, सहायक सडकको १० मिटर र भित्री सडकको ६ मिटर दाँया र बाँया कायम गर्ने निर्णय गरियो । धेरै पुराना सडकहरुको चौडाई सम्बन्धमा कुनै विवाद आएमा कार्यपालिकाले बि .सं २०२१/२२ को नक्सालाई आधार लिई आवश्यक निर्णय लिन सक्नेछ।

२१. स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम महानगरपालिका भित्र रहेका विद्यालय, कलेज, मठ, मन्दिर, गुम्वा, चर्च, यतिमखाना, मस्जिद, मदरसा, कब्रस्तान, धर्मशाला लगायत सार्वजनिक ऐलानी, पर्ती, बुट्यान जग्गाहरु तथा वाटोघाटो, कुलो, नदी, नाला, पोखरी आदि रेखदेख, संरक्षणको जिम्मा महानगरपालिकाको भएकोले वडा नं. १ देखि वडा नं. ३२ भित्र का जग्गाहरुका सम्वन्धमा तत्कालीन नेपाल सरकारद्वारा वि.स. २०२१ /०२२ सालमा नाप नक्सा भएका नम्वरी र स्ववासी जग्गाहरु वाहेक माथि उल्लिखित प्रकृतिका जग्गा तथा निर्माण हरु कुनै ब्यक्ति, संघ संस्था वा निकायको नाउँमा नयाँ नापी भएको भएतापनि कुनै प्रकारले सिफारिस वा अन्य प्रकृयाबाट हाल आवादीको नाउँमा जग्गा दर्ता नगर्न नगराउन सम्वन्धित सवै निकायलाई जानकारी गराउने र गैरकानुनी तवरबाट त्यस्ता जग्गाहरु कसैको नाउँमा दर्ता भएको भए सो समेत वदर गरी सार्वजनिक कायम ग र्ने र त्यस्ता जग्गाहरु मा भएको अतिक्रमण हटाई ती जग्गाहरुको संरक्षण महानगरपालिकाले गर्ने निर्णय गरियो।

२२. वीरगंज महानगरपालीका वडा नं १२ मुडलीचोक देखी नयाँरोड हुदै वाइपासमा रहेको नेपाल आयल निगमको कार्यालयसम्म सडकको दाँयावायाँ ५ /५ मिटर कायम गरी १० मिटरको सडक कायम गरी सडक निर्माण गर्ने निर्णय गरियो।

२३. भूमिगत पानीको स्रोतलाई सन्तुलित वनाई राख्न (***Water Recharge***)को लागि सरकारी भवनहरु, तीन तल्ला भन्दा बढी अग्ला निजी आवासहरु तथा अपार्टमेन्टहरु वनाउँदा अनिवार्य रुपमा छतमा पानी संकलन गरी पाइप मार्फत जमीन भित्र पठाउनु पर्ने र यसका लागि नगर कार्यपालिकाले छुट्टै कार्यविधि वनाई कार्यान्वयनमा ल्याउने तथा भूमिगत खानेपानी र सिंचाईको लागि मोटर जडान गरी पानी प्रयोग गर्ने उपभोक्ताको लागि नगर कार्यपालिकाले छुट्टै कार्यविधि वनाई लागू गर्ने निर्णय गरियो ।

२४. महानगरपालिका क्षेत्रभित्रका देहाय बमोजिमका ठूला योजनाहरुको कार्यान्वयनका लागि नेपाल सरकार प्रदेश सरकार सम्भाव्य विकास साझेदारहरुसमक्ष अनुरोध गर्ने निर्णय गरियोः

(क) वाग्मति करिडोरजस्तै सिर्सिया करिडोरको निर्माण गर्ने।

(ख) घण्टाघरको जग्गामा सभागृह तथा पार्क, पे पार्किङ्ग तथा खुलामञ्च निर्माण गर्ने।

(ग) परवानीपुरस्थित छ लेन सडकमा रहेको ऐलानी पर्ती जग्गामा ५०० शैया सम्मको शिक्षण अस्पत्ताल निर्माण गर्ने।

(घ) वीरगञ्जको यातायात व्यवसायलाई व्यवस्थित गर्नका लागि परवानीपुर वा ६ लेन सडक नजिकै छुट्टै ट्रान्सपोर्ट नगरको निर्माण गर्ने।

(ङ) पुरानो बसपार्कमा ***BOOT System*** मा उपयुक्त संरचनाको निर्माण गर्ने।

(च) बौगीखोलामा ***BOOT System*** मा कृषि पर्यटन सहितको मनोरञ्जन पार्क र राम बनमा पिकनिक स्पटको निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने।

(छ) विभिन्न सार्वजनिक पोखरीहरु (माइदिया, नगवा, मुर्ली, भुवनेश्वरनाथ महादेव पोखरी, अलौ बगही, इटियाही लगायत ) को सौन्दर्यीकरण गर्ने।

(ज) अत्यावश्यक ठूला तथा साना गरी १० वटा पुलहरु, ठूलो लगानीका सडकहरु तथा वीरगञ्ज चक्रपथको निर्माण हुन बाँकी खण्ड निर्माण गर्ने।

(झ) महानगरपालिकाभित्र विभिन्न ठूला खानेपानी तथा सिंचाई योजना सञ्चालन गर्ने।

(ञ) क्षेत्रीय शहरी विकास आयोजना (तेस्रो) माग गर्ने

(ट) वीरगञ्ज महानगरपालिका र जितपुर सिमरा उपमहानगरपालिकाको समन्वयमा मिलनचौक देखि माथिल्लो सिमरा निस्कने गरी सडक निर्माण गर्ने।

(ठ) मितेरी पुलदेखि शंकराचार्य गेटसम्मको क्षेत्रको सौन्दर्यीकरण तथा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने।

(ड) वडा नं १५ लक्ष्मणवामा वाल उद्यानको निर्माण र भिस्वा स्तुप परिसर संरक्षण र सौन्दर्यकरण गर्ने।

२५. वीरगंज महानगरपालिका वडा नं ३१ इस्लामपुरमा गुठीको नाउँमा रहेको करिव पाँच सय विघा जग्गामा औद्योगिक क्षेत्र स्थापना गर्नको लागि जग्गा प्राप्तिको प्रक्रिया उपयुक्त मोडेलमा अगाडी बढाउने निर्णय गरियो।

२६. वीरगंज महानगरपालिका वडा नं. ३२ स्थित रामवन देखि टेढा मुस्लीम टोलसम्म साविकको कुलो (पैनी) अतिक्रमण गरी घरटहरा वनाईएकोमा २०२१ /०२२ सालको नापीको आधारमा रेखांकन गरी अनाधिकृत रुपले लिएको लालपूर्जा वदर गर्न र अनाधिकृत रुपमा वनाइएको घर टहरा हटाउन आवश्यक कानुनी प्रकृया अगाडी वढाउने निर्णय गरियो।

२७. महानगरपालिकाले तर्जुमा गरी राजपत्रमा सूचना प्रकाशित भएका ऐन, नियम, कार्यविधि र निर्देशिकाहरुको हकमा सोही बमोजिम र ती ऐन, नियम, कार्यविधि वा निर्देशिकाहरुले सम्बोधन गर्न नसकेका बिषयको हकमा संघीय र प्रदेश सरकारको कानून वमोजिमहुने गरी अत्यावश्यक विषयमा नियम, कार्यविधि वा निर्देशिकाहरु वनाई जारी गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो।

२८. महानगरपालिकाको आन्तरिक आय संकलन गर्ने क्रममा महानगरपालिकाले कानून निमार्ण गरी राजपत्रमा सूचना प्रकाशित भएकोमा कर तथा शुल्कको हकमा सोही कानुन अनुसार र महानगरले जारी गरेको कानुन नभएको हकमा संघीय र प्रदेश सरकारको कानून वमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर तथा अन्य राजस्व असूल गर्ने निर्णय गरियो।

२९. स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी एकीकृत सम्पत्ति कर बुझाउने करदातालाई २०७५ साउन १ गते देखि असोज मसान्त सम्म कर बुझाएमा ५ प्रतिशत छूट दिने र कार्तिक १ गते देखि पुष मसान्त सम्म बुझाएमा छुट नदिने, माघ १ गते देखि चैत मसान्त सम्म बुझाएमा ५ प्रतिशत थप शुल्क र वैशाख देखि असार मसान्त सम्म बुझाएमा १० प्रतिशत थप शुल्क लगाउने तथा एक बर्ष वा सो भन्दा वढी समयमा कर वा शुल्क नवुझाएकाको हकमा कानून वमोजिम हुने व्यवस्था आर्थिक ऐनमा गर्ने निर्णय गरियो।

३०. महानगरपालिकाको प्रयोजनका लागि चेन भएको स्क्याभेटर बैक ऋणबाट खरिद गर्न नगर कार्यपालिकालाई स्वीकृति दिने निर्णय गरियो।

३१. प्रथम नगर सभाको निर्णय नं. १२ अनुसार कर , शुल्क र राजस्व वक्यौता असूली गर्न मिति २०७५ जेठ २१ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार गठित समितिले मिति २०७५ असार ८ गते नेशनल मेडिकल कलेजको वक्यौता घर जग्गा कर एवं एकीकृत सम्पत्ति कर सम्बन्धी दिएको प्रतिवेदनका सम्वन्धमा मिति २०७५ जेठ ५ गते नेशनल मेडिकल कलेजले सम्पत्ति विवरण सहित पेश गरेको कर सम्बन्धी स्वघोषणा फाराम र निजले गरेको प्रतिवद्धता सहित पेश गरेको कागजातहरुको आधारमा गणना गरी राजस्व प्रशासन महाशाखाबाट प्रचलित कानून बमोजिम पुनः कर निर्धारण गर्दा हुन आएको आर्थिक बर्ष २०७४/०७५ सम्मको रकम रु ४,९४,७८,२६९/४२ (अक्षेरेपी चार करोड चौरानब्वे लाख अठहत्तर हजार दुई सय उन्सत्तरी रुपियाँ वयालिस पैसा मात्र) असूल उपर गर्न स्वीकृति दिने , अन्य निकायबाट अन्यथा यकीन भै आएमा सोही बमोजिम असूल उपर गरिने र केही नीतिगत स्पष्टताका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा लेखी पठाउने तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सो को बोधार्थ समेत दिने गरी गरिएको निर्णयलाई अनुमोदन गरियो।

३२. महानगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ती, ऐलानी जग्गाहरुको संरक्षण गर्दै महानगरको भू-उपयोग योजना (***Land Use Plan)*** नीति तर्जुमा गरी लागु गर्ने निर्णय गरियो ।

३३. नगर क्षेत्रमा जग्गा विकास कार्यक्रम (***Land Pooling)*** संचालन गर्न संघ तथा प्रदेश सरकार र एशियाली विकास बैंक लगायतका विकास साझेदारहरुबाट आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने निर्णय गरियो।

३४. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई राजनैतिक क्षेत्रबाट मुक्त गर्न छुट्टै आचारसंहिता तयार गरी लागू गर्ने निर्णय गरियो।

३५. महानगरपालिकाबाट संचालित जनजाति स्कूलको नाम फेरि "महानगरपालिका आधारभूत विद्यालय" राख्ने नगर कार्यपालिकाको प्रस्ताव स्वीकृत गर्ने र कार्यपालिकाले शिक्षा नियमावलीमा व्यवस्था भए बमोजिम व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गर्ने निर्णय गरियो।

३६. मेयर कल्याणकारी कोषमा सामाजिक उत्तरदायित्वको लागि कानून वमोजिम छुट्टाउनु पर्ने अनिवार्य खर्च मध्येको न्यूनतम पचास प्रतिशत रकम जम्मा गराउने कार्य प्रभावकारी रुपले कार्यान्वयनमा ल्याउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

३७.नगरपालिकाको नीति तथा कार्यक्रमसँग मेल नखाने, कार्यक्रम सञ्चालनको पूर्व स्वीकृति नलिएका तथा नगरपालिकासँग समन्वय नै नगरी कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्थालाई नगरक्षेत्रमा काम गर्न पूर्ण रुपमा रोक लगाउने र महानगरपालिका भित्र कार्यक्षेत्र बनाएर काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुलाई नगरपालिकाको छाता भित्र एकीकृत गरी अनिवार्य दर्ता गर्ने व्यवस्था नगर कार्यपालिकाले कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

३८. महानगरपालिका क्षेत्रभित्र मनासिव कारण बिना प्रयोगविहीन भई खाली रहेका जुनसुकै प्रकृतिका जग्गाहरुमा लिइदै आएको करका दरलाई दोव्वर वनाई कर असूली गर्ने गरी आर्थिक ऐनमा व्यवस्था गर्ने निर्णय गरियो।

३९. विभिन्न उद्योग प्रतिष्ठानहरुले कम्तिमा ८० प्रतिशत नेपाली कामदारहरुलाई सहभागी गराएको खण्डमा सहुलियत स्वरुप एकीकृत सम्पत्ति कर ( **IPT**) मा २० प्रतिशत छुट दिने र नयाँ उद्योग धन्दा, मल, सपिङ्ग कम्प्लेक्स तथा पब्लिक बिल्डिङ्ग , अस्पताल, विद्यालय स्थापना गर्नका लागि प्रोत्साहन स्वरुप एकीकृत सम्पत्ति करमा सुरुको ५ वर्ष २० देखि ५० प्रतिशतसम्म छुट दिने गरी आर्थिक ऐनमा व्यवस्था गर्ने निर्णय गरियो।

४०. कृषि तथा नीजि वनमा जग्गा प्रयोग गरेमा एकीकृत सम्पत्ति कर (**IPT**) मा ९० प्रतिशत छुट दिने र कुनै पनि उद्योग , धन्दा, मल, सपिङ्ग कम्प्लेक्स तथा पब्लिक बिल्डिङ्ग , अस्पताल, विद्यालयहरुको खाली जग्गामा वृक्षारोपण गरेमा बढीमा १० प्रतिशत सम्म एकीकृत सम्पत्ति करमा छुट दिने व्यस्था आर्थिक ऐनमा गर्ने निर्णय गरियो।

४१. नगरपालिकाको शान्ति सुव्यवस्था, विकास निर्माण, सरसफाई, पर्यटन प्रवर्द्धन तथा सेवा प्रवाहलाई सहज रुपमा जनतामाझ पुर्यातउन नगरपालिका मातहतमा छुट्टै नगर प्रहरी सेवा गठन गरी नगर प्रहरीको काम, कर्तव्य र अधिकारका अतिरिक्त सेवा तथा शर्त सम्बन्धी विषयमा छुट्टै कार्यविधि बनाई लागु गर्न कार्यपालिकालाई स्वीकृति दिने निर्णय गरियो।

४२. महानगरपालिकाको कार्य सम्पादन गर्न हाल भईरहेको दरवन्दीले नपुग देखिएको हुँदा मानव संशाधनलाई ब्यवस्थापन गर्न नगर कार्यपालिकाबाट पेश भए वमोजिमको थप दरवन्दी सिर्जना गर्न स्वीकृति दिने निर्णय गरियो।

४३. वीरगंज महानगरपालिकाको आर्थिक वर्ष ०७५/०७६ को लागि बार्षिक तलबी विवरण पारित गर्ने निर्णय गरियो।

४४. मझौला सहर एकीकृत शहरी वातावरण सुधार आयोजना र क्षेत्रीय शहरी विकास आयोजनाका साथै वीरगंज महानगरपालिकाको आ.व. ०७४ /७५ को हालसम्मको कार्यपालिकाबाट भएको सम्पूर्ण निर्णयहरु र आम्दानी तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो। मझौला सहर एकीकृत शहरी वातावरण सुधार आयोजना अन्तर्गत प्याकेज -1, Sewerage/Drainage/Road WWTP को निर्माण सम्पन्न कार्यअवधि २४ मार्च २०१८ मा समाप्त भएतापनि Contract Clause 10.1, 10.2 मा ब्यवस्था भए बमोजिम केही बाँकी रहेका निर्माण कार्य underground water supply, line leakage नियन्त्रण गर्न नसकिएकोले DNP अबधिमा पनि गर्न सकिने हुँदा हाललाई package 2, ISWM (Landfill site) अन्तिम निर्माण सम्पन्न अवधि अर्थात १९ जुलाई २०१८ सम्मको package-1 को निर्माण कार्यको सुपरिवेक्षण कार्य consultant विशेषज्ञबाट पेश हुन आएको V-O-4 को रकममा महानगरपालिकाको आर्थिक भार नपर्ने हुँदा एशियाली विकास बैङ्कबाट यस आयोजनाको लागि Loan Closing Date (31 December, 2018 ) सम्म हुने भएकोले सो अवधिभर सुपरिवेक्षण कार्यको लागि पेश हुन आउने रकम स्वीकृत गरी सोही सुपरीवेक्षण जनशक्ति यथावत राखी निर्माण कार्यलाई निरन्तरता दिने प्रस्ताव स्वीकृत गरियो। साथै प्रथम नगर परिषद्को निर्णय नं १३ बमोजिको समितिले गरेका निर्णयहरु समेत अनुमोदन गर्ने निर्णय गरियो।

४५. वीरगंज महानगरपालिकाका दमकल लगायत जोखिमपूर्ण काममा संलग्न हुनुपर्ने कर्मचारीहरुको थप बीमा गराउने गरी बजेट व्यवस्था गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

४६. वीरगंज महानगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई नेपाल सरकारबाट लागू गरिएको स्वास्थ्य जीवन विमा गराउन आवश्यक रकमको बजेट व्यवस्था गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

४७. सामाजिक शाखाबाट गरिने सामाजिक विकासका कार्यक्रमहरु कार्यान्वयन भैसकेपछि अन्तिम किस्ता दावी गर्नु अघि सार्वजनिक लेखापरिक्ष ण नगराएको भए २० प्रतिशत रकम रो क्का राखी सम्वन्धित संस्थाले सार्वजनिक लेखापरिक्ष ण गरेको प्रतिवेदन पेश गरेपछि मात्र वाँकी रहेको रकमको भुक्तानी गर्ने व्यवस्था मिलाउन सम्बन्धित पक्षसँग गरिने परियोजना कार्यान्वयन सम्बन्धी सम्झौतामा समावेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

४८. वीरगंज महानगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पोखरीहरुबाट (साविकमा महानगरपालिकामा गाभिनु भन्दा अगाडी) प्राप्त सबै आम्दानी विगतमा स्थानीय विद्यालय तथा मठ मन्दिरको पूजाआजाको काममा खर्च भैरहेकोमा अब उपरान्त त्यस्ता पोखरीको आयबाट बढीमा २५ प्रतिशतसम्म स्कूल तथा मठ मन्दिर संचालन गर्न सम्बन्धित वडा मार्फत् उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

४९. वीरगंज महानगरपालिका वडा नं. ४ स्थित मनोरञ्जन पार्क ***(Recreation Park)*** को प्रवेश शुल्क घडिअर्वा पोखरी परिसरको प्रवेश शुल्क सरह नै कायम गर्ने निर्णय गरियो।

५०. आर्थिक वर्ष २०७४/०७५ सम्म वीरगंज महानगरपालिकालाई तिनु पर्ने पुरानो बक्यौता कर तथा शुल्कहरु २०७५ असोज मसान्त भित्र बुझाउन आएमा एक पटकको लागि मात्र लाग्ने दण्ड र जरिवाना मिनाहा गर्ने व्यवस्था आर्थिक ऐनमा गर्ने निर्णय गरियो ।साथै नक्सा पासमा लाग्दै आएको जरिवानाका हकमा प्रमुख प्रशासकीय अधिकृतको निर्णयले मिति २०७५।०३।२० सम्म लिइएको जरिवानाको प्रतिशत तथा रकमलाई अनुमोदन गरी वडा नं १ देखि १६ को हकमा आ.ब. २०७५।७६ देखि लागू हुने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम नै जरिवाना लिने तथा वडा नं १७ देखि ३२ को हकमा आ.ब. २०७५।७६ सम्मका लागि विगतमा भएको सम्झौता अनुसार गर्ने र त्यहाँ रहेका उद्योग, कलकारखाना, व्यवसाय तथा नयाँ निर्माण हुने सबै किसिमका संरचनाहरुको नक्सा पास दर्ता गर्न आएमा कुनै किसिमको थप जरिवाना नलिई पास गरिदिने निर्णय गरियो।

५१.बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ अगाढी बढाई चार वर्ष भित्र महानगरलाई कुपोषण मुक्त बनाउने गरी बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

५२. वीरगंज महानगरपालिका क्षेत्र भित्रको ट्राफिक व्यवस्थापनको लागि कार्यविधि बनाई लागु गर्ने निर्णय गरियो ।साथै प्रचलित कानून बमोजिम ट्राफिक नियम उल्लंघनकर्ताबाट ट्राफिक /नगर प्रहरीले असूल उपर गरिने जरिवाना रकम महानगरपालिकाको राजस्व खातामा दाखिला गर्ने र असूल भएको जरिवानाको २५ प्रतिशत रकम संकलनकर्ता ट्राफिक /नगर प्रहरीलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउने निर्णय गरियो।

५३. न्यायिक समितिको पुनर्गठन सम्बन्धमा नगर उप-प्रमुखको प्रस्ताव मा देहाय बमोजिमका व्यक्तिहरु मतदान प्रकृयाबाट निर्वाचित भै आएकोले न्यायिक समिति सदस्य पदको जिम्मेवारी दिने निर्णय गरियोः

सदस्यः वैजन्ति माला देवी
सदस्यः तुफैल अख्तर

५४. नगर सभाको बैठक नभएको अवस्थामा अर्को नगर सभा नभएसम्मका लागि तत्काल निर्णय लिनु पर्ने भएमा कार्यपालिकाले आवश्यक निर्णय लिई त्यसपछि बस्ने नगर सभाबाट अनुमोदन गराउन सक्ने गरी अख्तियारी प्रदान गर्ने तथा महानगर क्षेत्रभित्र आकस्मिक रुपले सम्बोधन गर्नुपर्ने बिषयमा योजना छनोट तथा कार्यान्वयन गर्न नगर प्रमुख , प्रमुख प्रशासकीय अधिकृत र योजना महाशाखा प्रमुख रहेको तीन सदस्यीय समितिद्वारा गराउने सकिने गरी अख्तियारी दिने निर्णय गरियो।

५५. विभिन्न स्वास्थ्य संस्थामा कार्यरत सि.अ.हे.व.हरुले हे.अ. र सि.अ.हे.ब. बीच विभेद नगरी वरिष्ठताका आधारमा तहगत प्रणाली अपनाई कार्यालय प्रमुख तोकी पाउन गरेको अनुरोधका सम्बन्धमा वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन , २०७५ बमोजिम हुने गरी व्यवस्था गर्ने निर्णय गरियो।

५६. कार्यालयमा नेपाल सरकारको दरवन्दी बमोजिम कर्मचारी तत्काल आपुर्ति हुने जानकारी प्राप्त भएको तर कार्यालयमा कार्यस्थलको अभाव रहेकोले उपयुक्त खर्च शीर्षकबाट सार्वजनिक निर्माण शीर्षकमा आवश्यकतानुसार बढीमा रु. ३० लाख सम्म रकमान्तर गरी उपयुक्त प्रक्रियाबाट खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

५७ बिविधः

(क) आर्थिक बर्षको केही महिना व्यतित भैसकेपछि मात्र स्थानीय तहको निर्वाचन भएको, योजना छनौट प्रकृया नै ढीलो भएको , सूत्र (sub-national treasury accounting) मा तालिमप्राप्त जनशक्तिको अपर्याप्तता तथा महानगरपालिकामा प्राविधिक जनशक्ति न्यून रहेको कारणले योजना कार्यान्वयनमा भएको ढीलाईलाई मध्यनजर गरी योजनाको अवस्था हेरी २०७५ आषाढ १५ गते सम्म कार्यादेश दिने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

(ख) नगर सभा सदस्यहरुबाट सात बुँदे विज्ञप्ति प्राप्त भएकोमा सोमा उल्लिखित बिषयहरुमा छलफल गर्दा अन्य बिषयमा कानूनमै व्यवस्था भएको तर बूँदा नं ३ को हकमा प्रदेश सरकारबाट तोकिई आउने तलब बाहेक खाइपाई आएको बढीमा ५ वटा बैठक भत्ता समेत माग भएकोमा सम्बन्धित निकायमा सोधनी गरी निर्देशन प्राप्त भए अनुसार गर्ने निर्णय गरियो।

(ग) चालू आर्थिक बर्षको बजेट तथा कार्यक्रममा समावेश भै आंशिक कार्यान्वयन भएका तर सम्पन्न हुन नसकेका आयोजनाहरुको बाँकी अंश आगामी आर्थिक बर्षमा कार्यान्वयन गर्ने गरी बजेटमा तथा कार्यक्रममा समावेश गरी जिम्मेवारी सार्ने निर्णय गरियो।

(घ) बजार व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक , २०७५ स्वीकृत गर्ने निर्णय गरियो।

(ङ) वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन , २०७५ मा उल्लिखित महानगरको आन्तरिक आयका लागि लगाइएका विभिन्न कर, शुल्क, महसूल तथा दस्तुरहरुको संकलन गर्न खुला बोलपत्र आह्वान गरी ठेक्का प्रकृया सम्पन्न गर्न केही समय लाग्ने भएकोले ठेक्का प्रकृयाबाट अर्को व्यवस्था नभएसम्मका लागि आब २०७४।७५ मा त्यस्ता प्रकृतिका कर , शुल्क, महसूल तथा दस्तुर सङ्कलनको ठेक्का सकार गरी कर , शुल्क, महसूल तथा दस्तुर सङ्कलन गरिरहेका र सन्तोषजनक कार्यसम्पादन रहेका ठेकेदारहरुमध्येबाटै आ.ब. २०७५।७६ मा तत्तत् कर, शुल्क, महसूल तथा दस्तुर सङ्कलनका लागि आह्वान गरिएको बोलपत्रको न्यूनतम अङ्कमा नघट्ने गरी आनुपातिक रुपले हुन आउने रकम सङ्कलन गरी बुझाउने गरी सम्झौताको म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने।

नयाँ प्रस्ताव गरिएको प्रदुषण तथा वातावरणीय शुल्कका हकमा तोकिएको दररेटबाट उठ्ने कूल रकमको बढीमा ५ प्रतिशतसम्म व्यवस्थापन लागत उपलब्ध गराउने गरी हाल सवारी साधन कर सङ्कलन गरेकै फर्मसँग वार्ता सम्झौता गरी सङ्कलनको जिम्मा दिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने। तीन महिनाको सङ्कलनको अवस्था हेरी उक्त शुल्कको प्रभावकारी संकलन भएनभएको समीक्षा नगर कार्यपालिका बोर्ड बैठकले गरी त्यसको निरन्तरता वा खुला बोलपत्र आह्वान गरी सङ्कलनको नयाँ ठेक्का प्रकृयामा जाने निर्णय बोर्ड बैठकले गर्ने।

(च) संघ वा प्रदेश कानून बमोजिम निर्धारण भै स्थानीय तहले सङ्कलन गर्ने भनी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन , २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन , २०७४ मा उल्लिखित कर, शुल्क, महसूल तथा दस्तुरहरुसँग सम्बन्धित कानून तर्जुमा भै प्रमाणिकरण भै नआएको हकमा वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७५ बमोजिम र उक्त ऐनले सम्बोधन नगरेका बिषयको हकमा नेपालको संविधान २०७२ , जारी हुनु अगावै नेपाल सरकारले जारी गरेका ऐन , नियम, नियमावली, विनियम, निर्देशिका वा कार्यविधि बमोजिम नै गर्ने अधिकार नगर कार्यपालिकालाई दिने।